परवानीपुर गाउँपालिका

स्थानीय राजपत्र

खण्डः६ संख्याः९ मितिः- २०७९/०४/२३ गते

भाग-२

परवानीपुर गाउँपालिका

परवानीपुर गाउँपालिकाको गाउँ प्रहरी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७९

गाउँसभा स्वीकृत मितिः-२०७९/०३/३१ गते

प्रस्तावनाः-

परवानीपुर गाउँपालिका क्षेत्र भित्रका बस्ती, समुदाय, बजार, सार्वजनिक सम्पत्ति संरचनाको नियमन, संरक्षण एवम गाउँपालिकाबाट जारी भएका नीति निर्णयहरुको प्रभावकारी कार्यान्वयन गर्न गराउन परवानीपुर गाउँपालिकाको गाउँ सभाले स्वीकृत गरेको दरबन्दीको अधिनमा रही गाउँ प्रहरीको रिक्त पदमा करार सम्झौताका आधारमा सेवा करारमा लिने कार्यलाई व्यवस्थित गर्नका लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (१) (क) बमोजिम गाउँ प्रहरीको गठन संचालन व्यवस्थापन नियमन तथा गाउँ प्रहरी सम्बन्धी व्यवस्थालाई नियमित गर्न यस परवानीपुर गाउँपालिकाले "परवानीपुर गाउँपालिकाको गाउँ प्रहरी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७९" बनाई लागू गरेको छ।

मुन्ना साह रौनियार
प्रमुख प्रशासकीय अधिकृत

परिच्छेदः-१
प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

क. यस कार्यविधिको नाम "परवानीपुर गाउँपालिकाको गाउँ प्रहरी व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७९" रहेको छ।

ख. यो कार्यविधि कार्यपालिकाले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

क. "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ।सो शब्दले कार्यवाहक अध्यक्ष समेतलाई जनाउनेछ।

ख. "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ तथा परवानीपुर गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ लाई सम्झनु पर्दछ।

ग. "कार्यविधि" भन्नाले "परवानीपुर गाउँपालिकाको गाउँ प्रहरी व्यवस्थापन सम्बन्धि कार्यविधि २०७९" सम्झनु पर्दछ।

घ. "कार्यालय" भन्नाले परवानीपुर गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ।

ङ. "गाउँ प्रहरी" भन्नाले दफा ३ बमोजिम गाउँ प्रहरी सेवा उपलब्ध गराउने गरी व्यवस्था भएका कर्मचारी सम्झनुपर्दछ।

च. "समिति" भन्नाले दफा ७ बमोजिम गठित पदपूर्ति समितिलाई सम्झनु पर्दछ।

छ. "कार्यालय प्रमुख" भन्नाले परवानीपुर गाउँ कार्यपालिकाको कार्यालयको प्रमुखलाई सम्झनु पर्दछ।

परिच्छेद २
गाउँ प्रहरी गठन, स्वीकृत दरबन्दी, योग्यता र परीक्षाको पाठ्यक्रम

३. **गाउँ प्रहरी सेवाको गठनः-**

क. स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ (२) (क) (२) बमोजिमको कार्यमा सहयोग पुऱ्याउनका लागि परवानीपुर गाउँपालिकामा एक गाउँ प्रहरी सेवा समूह रहनेछ। गाउँ प्रहरीको सेवाको गठन, त्यसमा रहने गाउँ प्रहरी कर्मचारीहरुको संख्या गाउँ सभाले तोके बमोजिम हुनेछ।

ख. स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ को उपदफा (७) र (८) बमोजिम कर्मचारी करारमा सेवामा रहनेछ।

४. **गाउँ प्रहरीको काम कर्तव्य र अधिकार :** प्रचलित कानूनमा तोकिएको अधिकारहरु सहित गाउँ प्रहरीको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क. गाउँपालिकाको कानून तथा गाउँ कार्यपालिकाको निर्णयहरु कार्यान्वयनमा सहयोग गर्ने,

ख. गाउँपालिकाको सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

ग. अनाधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण गर्ने,

घ. गाउँपालिका भित्र हुने सभा, समारोह, सांस्कृतिक परम्परा तथा चाडपर्वको सुरक्षा व्यवस्थापन गर्ने, होटल पसल तथा अन्य व्यवसायीहरुले अवाञ्छित गतिविधि गरेको पाइएमा रोक्न लगाउने,

ङ. स्थानीय हाटबजार तथा पार्किङ स्थलको रेखदेख र आवश्यक व्यवस्थापनमा सहयोग गर्ने,

मुन्ना साह रौनियार
प्रमुख प्रशासकीय अधिकृत

च. नगर सरसफाई सम्वन्धी मापदण्ड कार्यान्वयन गर्ने गराउने र गाउँपालिका क्षेत्रभित्र हुने वातावरणीय प्रदुषण, ध्वनी प्रदुषण समेत नियन्त्रण गरी गराई स्वच्छ वातावरण कायम राख्न सहयोग गर्ने,

छ. गाउँपालिका भित्रका सडक अतिक्रमण तथा अवरोधहरु हटाउने,

ज. न्यायिक समितिले गरेका निर्णय तथा मिलापत्रहरु कार्यान्वयन गर्न सहयोग गर्ने,

झ. सार्वजनिक ऐलानी पर्ति जग्गा सार्वजिनक भवन सम्पदा तथा भौतिक पूर्वाधारहरुको संरक्षण गर्ने,

ञ. विपद व्यवस्थापन सम्वन्धी खोज, उद्धार, राहत वितरण तथा नियन्त्रण कार्यमा संलग्न हुने,

ट. अनाधिकृत विज्ञापन तथा होर्डिङ बोर्ड नियन्त्रण गर्ने,

ठ. छाडा पशुपंक्षी नियन्त्रण तथा काञ्जी हाउस व्यवस्थापनमा सहयोग गर्ने,

ड. सार्वजनिक आवागमनमा बाधा पुऱ्याई राखेका निर्माण सामाग्री तथा पसल व्यवसायीहरुबाट भएको अवरोधहरु हटाउन लगाउने, सो आदेश नमानेमा आफै हटाई हटाउन लागेको खर्च सम्वन्धित व्यक्ति वा संस्थाबाट असुल उपर गरी कार्यालयमा आम्दानी बाध्ने,

ढ. नाप तौल सामाग्रीहरुको चेकजाँच गरी पसलहरुमा मूल्य सूची राख्न लगाई नियमित अनुगमन गर्ने,

ण. गाउँपालिका भित्र संचालित आयोजनाहरु कार्यान्वयनमा अवरोध आएमा सो अवरोध हटाउने,

त. गाउँ कार्यपालिकाको कार्यालयबाट तोकिएका अन्य कार्यहरु गर्ने गराउने।

५. **गाउँ प्रहरीको दरवन्दीः-**

(१) यस गाउँपालिकाको गाउँ प्रहरीमा देहायका पदहरुको दरबन्दी देहाय अनुसार रहनेछ :-

क. गाउँ प्रहरी सहायक निरीक्षक, सहायक चौथो तह वा सो सरह - १ (एक जना)

ख. गाउँ प्रहरी हवल्दार, तृतीय तह वा सो सरह - २ (दुई जना)

ग. गाउँ प्रहरी जवान, द्वितीय तह वा सो सरह - न्यूनतम ३ महिला सहित १२ जना (बाह्र जना)

(२) यस कार्यविधिको उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि यो कार्यविधि लागू हुँदाका बखत तोकिएको गाउँ प्रहरीको पद र दरवन्दी संख्या गाउँ सभाबाट पारित नभए सम्मका लागि गाउँ कार्यपालिकाको निर्णयबाट तोकिएको पद र दरबन्दी संख्यालाई कानून वमोजिम भए गरेको मानिनेछ। गाउँ प्रहरीको दरवन्दी थपघट सम्वन्धी निर्णय गाउँ सभाले मात्र गर्नेछ।

६. योग्यताः देहायका गाउँ प्रहरी पदका लागि न्यूनतम योग्यता देहाय अनुसार हुनेछः-

क. बरिष्ट गाउँ प्रहरी सहायक निरीक्षकको योग्यताः-

१. नेपाली नागरिक भएको,

२. मान्यता प्राप्त शैक्षिक संस्थाबाट कक्षा ८ उतिर्ण गरेको,

३. प्रहरी वा सुरक्षा सेवामा घटीमा ५ वर्षको अनुभव भएको,

४. उमेर २१ वर्ष पूरा भई ५० वर्ष ननाघेको,

५. कुनै नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको,

६. मान्यता प्राप्त स्वास्थ्य संस्थाले दिएको निरोगिताको प्रमाणपत्र भएको,

७. पुरुषको हकमा घटिमा उचाइ ५ फिट २ इन्च, छाती नफुलाउँदा ३१ इन्च र फुलाउँदा ३३ इन्च महिलाको हकमा घटीमा उचाइ ४ फिट ५ इन्च,

८. आँखाको दृष्टि क्षमता माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको हुनु पर्नेछ।

ख. गाउँ प्रहरी हवल्दारको योग्यताः-

१. नेपाली नागरिक भएको,

२. मान्यता प्राप्त शैक्षिक संस्थाबाट कक्षा ८ उतिर्ण गरेको,

३. कुनै नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको,

३. उमेर १८ बर्ष पूरा भई ३५ वर्ष ननाघेको,

४. कुनै नैतिक पतन देखिने फोजदारी अभियोगमा सजाय नपाएको,

५. मान्यता प्राप्त स्वास्थ्य संस्थाले दिएको निरोगिताको प्रमाणपत्र भएको,

७. पुरुषको हकमा घटिमा उचाइ ५ फिट २ इन्च, छाती नफुलाउँदा ३१ इन्च र फुलाउँदा ३३ इन्चर महिलाको हकमा घटीमा उचाइ ४ फिट ५ इन्च,

८ आँखाको दृष्टि क्षमता माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको हुनु पर्नेछ।

९. प्रहरी वा सुरक्षा सेवामा घटीमा ५ वर्ष अनुभव प्राप्त गरेकोलाई प्राथमिकता दिईनेछ ।

ग. गाउँ प्रहरी जवानको योग्यताः-

१. नेपाली नागरिक भएको,

२. मान्यता प्राप्त शैक्षिक संस्थाबाट कक्षा ८ उतिर्ण गरेको,

३. उमेर १८ बर्ष पूरा भई ३५ बर्ष ननाघेको, (महिला गाउँ प्रहरी जवानको हकमा १८ वर्ष पुरा भई ४० बर्ष ननाघेको),

४. कुनै नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको,

५. मान्यता प्राप्त स्वास्थ्य संस्थाले दिएको निरोगिताको प्रमाणपत्र भएको,

६. पुरुषको हकमा घटिमा उचाइ ५ फिट २ इन्च, छाती नफुलाउँदा ३१ इन्च र फुलाउँदा ३३ इन्च, महिलाको हकमा घटीमा उचाइ ४ फिट ५ इन्च,

७. आँखाको दृष्टि क्षमता माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको हुनु पर्नेछ।

७. **पदपूर्ती समितिः** (१)गाउँ प्रहरीका विभिन्न पदहरुमा करार सेवामा लिन देहाय अनुसारको पदपुर्ती समिति रहनेछः

क. प्रमुख प्रशासकीय अधिकृत - संयोजक

ख. प्रशासन तथा योजना शाखाका अधिकृत स्तरका कर्मचारी - सदस्य
(यस खण्डका लागि प्रशासन तथा योजना शाखाका अधिकृत स्तरका कर्मचारी नभएमा आर्थिक प्रशासन शाखा वा प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत स्तरको कर्मचारी – सदस्य

ग. गाउँपालिका क्षेत्र भित्रको इलाका प्रहरी कार्यालय वा सशस्त्र प्रहरी बलका सशस्त्र प्रहरी सहायक निरीक्षक - सदस्य

घ. कर्मचारी प्रशासन शाखाका एक जना कर्मचारी - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको गठित पदपुर्ति समितिले आवश्यकता अनुसार अन्य विज्ञ वा पदाधिकारी तथा कर्मचारी आमन्त्रितमा राख्न सक्नेछ ।

८. **अन्तरवार्ता समितिः** तेस्रो चरणको अन्तर्गत संचालन हुने अन्तर्वार्ता परिक्षाको लागि देहाय अनुसारको पदाधिकारी सम्मिलित ३ सदस्य अन्तर्वार्ता समिति रहने छ ।

क. प्रमुख प्रशासकीय अधिकृत

ख. जिल्ला प्रहरी कार्यालयबाट तोकिएकी प्रतिनिधि

ग. दफा ७ बमोजिमको समितिको सदस्य सचिव

९. **परीक्षा संचालनः-** पदपूर्ति समितिले तिन चरणको परिक्षा संचालन गरी पदपुर्ति गर्नेछ । उक्त संचालन गरिने परिक्षाको विस्तृत पाठ्यक्रम तथा परिक्षा योजना अनूसुची- १ बमोजिम हुने छ।परीक्षा संचालन गर्दा हरेक चरणको परीक्षाको नतिजा प्रकाशन भए पश्चात क्रमबद्ध ढंगले अर्को परीक्षा संचालन हुनेछ।

१०. **नतिजा प्रकाशनः-**

मुन्ना साह रौनियार
प्रमुख प्रशासकीय अधिकृत

क. उम्मेदवारले प्रथम परीक्षा दिए पश्चात सो को नतिजा प्रकाशन गरेर प्रकाशित नतिजा अनुसार अर्को परीक्षामा सामेल हुन पाउनेछ।

ख. पदपूर्ति समितिले अन्तिम प्रकारको परीक्षा संचालन पश्चात नतिजा प्रकाश गर्दा बैकल्पिक उम्मेदवारको रुपमा आवश्यक माग संख्यामा उत्तिर्ण बाहेक कुल माग संख्याको पचास प्रतिशतले हुन आउने उम्मेदवारहरु बैकल्पिक उत्तिर्ण उम्मेदवार हुने गरी नतिजा प्रकाशन गरिनेछ।

ग. पदपूर्ति समितिले अन्तिम नतिजा प्रकाश पश्चात उम्मेदवारहरुको नियुक्तिको लागि अख्तियारवाला समक्ष सिफारिस गर्नेछ।

परिच्छेद ३
छनौट सम्बन्धि व्यवस्था

११. **छनौट सम्बन्धी व्यवस्थाः** दफा ३ बमोजिमका गाउँ प्रहरी कर्मचारीहरुको छनौट सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः

क. गाउँ प्रहरी कर्मचारीको स्वीकृत दरबन्दी बमोजिमको पदमा पदपुर्ति गर्न आवश्यक योग्यता तोकी स्थानीय स्तरको दैनिक पत्र-पत्रिकामा, सम्बन्धित कार्यालयको डिजिटल वेवसाइट तथा कार्यालयको सूचना पाटीमा कम्तीमा १५ (पन्ध्र) दिनको समय उपलब्ध गराई भर्ना आह्वानको सूचना प्रकाशन गर्नु पर्नेछ। आवेदन दस्तुर देहाय बमोजिम हुनेछ -

१. बरिष्ट गाउँ प्रहरी सहायक निरीक्षकका लागि रु. ५००।– (अक्षरेपी पाँच मात्र)

२. गाउँ प्रहरी हवल्दारका लागि रु. ४००।- (अक्षरेपी चार सय मात्र)

३. गाउँ प्रहरी जवानका लागि रु. ३००।- (अक्षरेपी तीन सय मात्र)

१२. **करार सम्झौता गर्नेः**

क. अन्तिम योग्यताक्रम सहितको नतिजा प्रकाशन भएपछि उतीर्ण उमेद्वारहरुलाई ७ (सात) दिन भित्र करार सम्झौता गर्न आउनका लागि सूचना दिनु पर्दछ।

ख. यस कार्यविधि बमोजिम करार गर्दा सामान्यतः आर्थिक वर्षको श्रावण महिनाको शुरुदेखि अर्को वर्षको असार मसान्तसम्मका लागि मात्र करार गर्नु पर्नेछ।

तर उक्त पदले गर्नु पर्ने काम समाप्त भएमा वा पर्याप्त नभएमा वा कार्य प्रारम्भ नै नभएको अवस्थामा स्थानीय तहले कामको बोझ र अवधि हेरी करारको अवधि घटाउन सक्नेछ। करार अवधि समाप्त भएपछि म्याद थप सम्बन्धमा गाउँ कार्यपालिकाको निर्णयानुसार हुनेछ।

ग. कर्मचारीले स्वेच्छाले करार निरन्तरता गर्न नचाहेमा कम्तीमा एक महिना अगाडि कार्यालयमा लिखित रुपमा जानकारी गराउनु पर्नेछ। यसरी जानकारी नगराई करार अन्त्य गरी काम छोडेमा त्यस्तो व्यक्तिलाई पुनः करारमा काम गर्ने अवसर दिइने छैन।

मुन्ना साह रौनियार
प्रमुख प्रशासकीय अधिकृत

परिच्छेद ४

सेवा शर्त, पारिश्रमिक र अवधि

१३. **सेवा शर्त र पारिश्रमिकः -**

क. यस कार्यविधि बमोजिम सेवा करार सम्झौता गरिएका गाउँ प्रहरीको मासिक पारिश्रमिक वरिष्ठ गाउँ प्रहरी सहायक निरीक्षकको लागि रु. ३०,०००।- प्रहरी हवल्दारको लागि रु.२५,०००।- र प्रहरी जवानका लागि रु.२०,०००।- हुनेछ।

ख. कार्यालयले करारका कर्मचारीको पारिश्रमिक भुक्तानी गर्दा निजले महिना भरी गरेको हाजिरी प्रतिवेदन सहित सम्वन्धित विषयगत शाखाको सिफारिसको आधारमा मात्रै भुक्तानी गर्नु पर्नेछ।

ग. यस कार्यविधि बमोजिम कर्मचारीले करारमा काम गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ती हुनाका लागि कुनै पनि दावी गर्न पाउने छैन।

घ. छ महिना भन्दा बढी निरन्तर सेवामा आवद्ध रहेमा निजलाई वर्षको एक पटक निजले खाइपाइ आएको एक महिनाको पारिश्रमिक बराबर चाडपर्व खर्च भुक्तानि दिइनेछ।

ङ. यस कार्यविधि बमोजिम करार सेवामा नियुक्त भएका गाउँ प्रहरीले ड्युटीका बखत देहाय बमोजिमको पोशाक अनिवार्य रुपमा लगाउनु पर्नेछ। यसका लागि कार्यालयले लुगा भत्ता बापत वार्षिक एकमुष्ट रकम रु. दश हजार उपलब्ध गराउने छ।

१. गाढा हरियो रंगको कटनको सर्ट र पाइन्ट
२. सोही रंगको सोही कपडाको क्याप
३. नेपाल प्रहरीले प्रयोग गर्ने कालो रंगको पेटी
४. कालो रंगको छालाको बुट र निलो रंगको मोजा
५. जाडो याममा आवश्यकता अनुसारको गाढा हरियो रंगको ज्याकेट वा जर्सी
६. आवश्यकता अनुसार सोही रंगको ज्याकेट लगाउन सक्नेछ।
७. कपडाको रंगसँग मिल्ने सिठ्ठी कडी र सिठ्ठी
८. सर्ट वा ज्याकेटमा नेमप्लेट र चेस्ट प्लेट

१४. **सेवाको दर्ज्यानी चिन्हः-**

गाउँ प्रहरीमा करार सेवामा नियुक्त प्रहरीहरुको दर्ज्यानी चिन्ह नेपाल प्रहरीले प्रयोग गरे अनुसार गाउँ प्रहरी सहायक निरीक्षकको काँधमा एक तारा हुनेछ। गाउँ प्रहरी हवल्दारको हकमा दायाँ पाखुरामा तीन धर्के बिल्ला हुनेछ। सो दर्ज्यानी चिन्ह सेवामा नियुक्त भएपछि विशेष कार्यक्रमका बीच प्रदान गरिनेछ।

१५. **सेवामा पदोन्नतिः-**

यस कार्यालयमा करार सेवामा नियुक्त गाउँ प्रहरी सहायक निरीक्षक र गाउँ प्रहरी हवल्दारको पद रिक्त भएमा यस गाउँपालिकाको गाउँ प्रहरी पदमा कार्यरत प्रहरीहरुबाट तोकिएको परीक्षा प्रणाली अनुसार आन्तरिक प्रतियोगिता गराई सो पदको पदपूर्ति गरिनेछ र रिक्त हुन आएको गाउँ प्रहरी जवानको पदमा पुनः खुल्ला प्रतियोगिता मार्फत पदपूर्ति गरिने छ।

तर तोकिएको स्वीकृत दरबन्दी भन्दा बढी र सो भन्दा माथिको पदमा पदोन्नति हुन दावी लाग्ने छैन।

१६. **सेवा सम्वन्धी आधारभूत तालिमः-**

गाउँ प्रहरीमा भर्ना भई छनौट भएका प्रहरीहरुलाई नेपाल प्रहरीको प्रहरी वा सशस्त्र प्रहरी बलको कमाण्डमा रहेको टोलीले कम्तिमा एक महिनाको सेवा कालीन तालिम अनिवार्य रुपमा प्रदान गर्नेछ।

मुन्ना साह रौनियार
प्रमुख प्रशासकीय अधिकृत

यसका लागि लाग्ने आवश्यक बन्दोबस्तको सामान तथा बजेट गाउँ कार्यपालिकाको निर्णय अनुसार कार्यालयले सो टोलीलाई उपलब्ध गराउनेछ।

१७. **आचरण सम्बन्धी व्यवस्था :-**

गाउँ प्रहरी पदमा करार सेवामा नियुक्त गाउँ प्रहरी कर्मचारीहरुले प्रचलित कानून बमोजिम तोकिएको आचरण तथा अनुशासन अनिवार्य रुपमा पालन गर्नु पर्नेछ।

परिच्छेद :-५
विविध

१८. **विदा सम्बन्धी व्यवस्थाः-**

क. यस कार्यविधि बमोजिम करार सेवामा नियुक्त भएका गाउँ प्रहरीले पाउने विदा देहाय बमोजिम हुनेछः

१. भैपरी आउने विदा तथा पर्व विदाः वर्षको छ दिन पाउनेछ।

२. घर विदा तीस दिन काम गरे वापत एक दिन दरले वर्षको बाह्र दिन पाउनेछ।

३. किरीया विदा. कर्मचारीको प्रचलित धर्म परम्परा अनुसार बढीमा पन्ध्र दिन।

४. प्रसुती विदा. प्रसुती समयको अघि वा पछि कर्मचारीको माग बमोजिम अन्ठान्ब्बे दिन, तर यस्तो प्रसुती विदा सेवा अवधिभरमा बढीमा दुई पटकका लागि मात्र पाउने छ।

ख. उपदफा (१) बमोजिम पाउने कुनै पनि विदा सञ्चित हुने छैन। यस कार्यविधि बमोजिम लिन सकिने विदाहरु हरेक नयाँ वर्षमा स्वतः समाप्त भएर जानेछ।

ग. विदा स्विकृत गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतमा निहित रहने छ। आवश्यकताका आधारमा सो अधिकार निजले गाउँ प्रहरी प्रमुखलाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ।

घ. यी विदाहरु वापत कुनै आर्थिक सुविधा दावी गर्न पाइने छैन।

ङ. कुनै किसिमको विदा अधिकार नभई सहुलियत मात्र हुनेछ।

१९. **करार समाप्ती र बाधा अड्काउ फुकाउः-**

क. यस कार्यविधि बमोजिम करार गरिएको पद गाउँपालिका कर्मचारी नियमावली वा अन्य कुनै कानून वा अन्य निर्णय बमोजिम पद नरहने वा खारेज हुने भएमा त्यस्तो व्यक्तिको करार स्वतः अन्त्य हुनेछ।

ख. करार सम्झौता गरिएको कर्मचारीको कार्य सन्तोषजनक नभएको भनी कार्यरत विषयगत शाखा वा कार्यालयले सिफारिस गरेमा कार्यालय प्रमुखले आवश्यक छानविन गरी कार्यालयले जुनसुकै अवस्थामा करारबाट हटाउन सक्नेछ। तर सफाइ पेश गर्ने मौका अनिवार्य रुपमा दिनु पर्नेछ।

२०. **जिन्सी सामाग्री सम्बन्धमाः-**

क. गाउँपालिकाको कार्यालयले कार्यालय बाहेकको आवश्यक पर्ने जिन्सी सामाग्रीहरु गाउँपालिका गाउँ प्रहरी (वरिष्ठ समेत) लाई उपलब्ध गराउनेछ।

ख. गाउँपालिका गाउँ प्रहरी (वरिष्ठ समेत) ले आफुले प्राप्त गरेका जिन्सी सामाग्रीहरु मासिक रुपमा अध्यावधिक गरी राख्नुपर्नेछ।

२१. **विमा सम्बन्धमाः-**

गाउँ कार्यपालिकाले गाउँपालिका गाउँ प्रहरीको सुरक्षालाई ध्यानमा राख्दै उनीहरुको लागि आवश्यक बिमाको व्यवस्था गर्नुपर्नेछ।

२२. **ज्यालादारी व्यवस्थाः-**

मुन्ना साह रौनियार
प्रमुख प्रशासकीय अधिकृत

क. गाउँपालिकाले आफ्नो भौगोलिक कार्यक्षेत्रको सुरक्षा वा मेला, चाडपर्व जस्ता अन्य कार्यको लागि अत्यावश्यक लागेमा दैनिक ज्यालादारीमा समेत गाउँपालिका गाउँ प्रहरीको व्यवस्थापन गर्न सक्नेछ।

ख. गाउँ प्रहरी नियुक्त भएको प्रहरीको अभिलेख राख्ने, कार्य सम्पादन गर्न लगाउने, अनुगमन गर्ने र अनुगमन गर्ने र हाजिरी प्रमाणित गर्ने कार्य गाउँपालिका प्रशासन वा तोकिएको वडा कार्यालयले गर्नेछ।

२३. **बाधा अडकाउ फुकाउः-** यो कार्यविधिमा उल्लिखित व्यवस्था कार्यान्वयनमा कुनै समस्या वा द्विविधा उत्पन्न भएमा प्रचलित कानूनसँग नबाझिने गरी गाउँ कार्यपालिकाको निर्णयले बाधा अडकाउ फुकाउने आदेश दिन सक्नेछ।

अनुसूची-१

(कार्यविधीको दफा ९ बमोजिम)

गाउँ प्रहरी सहायक निरीक्षक, गाउँ प्रहरी हवल्दार र गाउँ प्रहरी जवान पदको पाठ्यक्रम तथा परिक्षा योजना

क्र.सं.	परीक्षा चरण	विवरण	पूर्णाङ्क	उत्तीर्णाङ्क
१	प्रथम चरण	शारीरिक तन्दुरुस्ती मुल्याङ्कन	५०	२०
२	द्वितीय चरण	लिखित परीक्षा	१००	४०
३	तृतीय चरण	अन्तरवार्ता	५०	२०

प्रथम चरण

पूर्णाङ्कः- ५०

क. दरखास्त छनौट

तोकिएको योग्यता पुरा विधिवत रुपमा दरखास्त पेश गरेका उम्मेदवारहरुको दरखास्त स्वीकृत गरिन्छ।

ख. स्वास्थ्य परीक्षण

१. आँखाको दृष्टि क्षमता २ वा -२ भन्दा बढी कमजोर हुन नहुने।

२. उचाई पुरुषको हकमा ५ फिट २ इन्च र महिलाको हकमा ४ फिट ५ भन्दा कम हुन नहुने।

३. पुरुषको हकमा छाती नफुलाउँदा ३१ इन्छ र फुलाउँदा ३३ इन्च भन्दा कम हुन नहुने।

४. तौल पुरुषको हकमा कम्तिमा ५० के.जी. र महिलाको हकमा कम्तिमा ४२ के.जी. तौल भएको हुनु पर्नेछ।

५. अस्वाभाविक शारीरिक बनावट हुन नहुने।

ग. शारीरिक तन्दुरुस्ती मुल्याङ्कन

१००० मिटर दौड

क्र.सं.	पुरुषको लागि समयावधि	पुरुष/महिला अंक	महिलाको लागि समयवधि
१	२५० सेकेण्ड वा सो भन्दा कम	२०.००	३८० सेकेण्ड वा सो भन्दा कम
२	२८० सेकेण्ड सम्म	१८.००	४०० सेकेण्ड सम्म
३	२९६ सेकेण्ड सम्म	१६.००	४२० सेकेण्ड सम्म
४	३२० सेकेण्ड सम्म	१४.००	४५० सेकेण्ड सम्म
५	३५० सेकेण्ड सम्म	१२.००	४८० सेकेण्ड सम्म

मुन्ना साह रौनियार
प्रमुख प्रशासकीय अधिकृत

६	३९० सेकेण्ड सम्म	१०.००	५०० सेकेण्ड सम्म
७	४२० सेकेण्ड सम्म	८.००	५५० सेकेण्ड सम्म
८	४५० सेकेण्ड माथि	अनुत्तीर्ण	६००सेकेण्ड माथि

पुस अप

क्र.सं.	पुरुषको लागि समयावधि	पुरुष/महिला अंक	महिलाको लागि समयवधि
१	२० पटक वा सो भन्दा कम	१०.००	१४ पटक वा सो भन्दा माथि
२	१७ पटक वा सो भन्दा कम	०८.००	११ पटक सम्म
३	१४ पटक वा सो भन्दा कम	०६.००	०८ पटक सम्म
४	१० पटक वा सो भन्दा कम	०४.००	०४ पटक सम्म
५	८ पटक सम्म पनि गर्न नसक्ने	अनुत्तीर्ण	०४ पटक सम्म पनि गर्न नसक्ने

चिन अप/पुल अप

क्र.सं.	पुरुषको लागि समयावधि	पुरुष/महिला अंक	महिलाको लागि समयवधि
१	१२ पटक वा सो भन्दा माथि	१०.००	०३ पटक वा सो भन्दा माथि
२	१० पटक वा सो भन्दा माथि	०८.००	०२ पटक सम्म
३	०८ पटक सम्म	०६.००	०१ पटक सम्म
४	०५ पटक सम्म	०४.००	३० सेकेण्ड सम्म झुण्डिन सक्ने
५	०५ पटक सम्म पनि गर्न नसक्ने	अनुत्तीर्ण	०४ सेकेण्ड सम्म झुण्डिन नसक्ने

सिट अप

क्र.सं.	पुरुषको लागि समयावधि	पुरुष/महिला अंक	महिलाको लागि समयवधि
१	२० पटक वा सो भन्दा माथि	१०.००	१५ पटक वा सो भन्दा माथि
२	१८ पटक सम्म	०८.००	११ पटक सम्म
३	१५ पटक सम्म	०६.००	०८ पटक सम्म
४	१२ पटक सम्म	०४.००	०५ पटक सम्म
५	१० पटक सम्म पनि गर्न नसक्ने	अनुत्तीर्ण	०५ पटक सम्म पनि गर्न नसक्ने

द्वितीय चरण

पूर्णाङ्कः- १००

लिखित परीक्षा योजना

विषय	पूर्णाङ्क	उत्तीर्णाङ्क	परीक्षा प्रणाली	प्रश्न संख्या र अंकभार	समय
सामान्य ज्ञान र बौद्धिक परीक्षा तथा सेवा सम्बन्धी	१००	४०	वस्तुगत	५० प्रश्न * २ अंक = १००	१:०० घण्टा

लिखित परिक्षाको पाठ्यक्रम

मुन्ना साह रौनियार
प्रमुख प्रशासकीय अधिकृत

समयः- १ (एक) घण्टा

पुर्णाङ्कः १००
उत्तीर्णाङ्कः४०

खण्ड "क"

१. सामान्य ज्ञान

(क) परवानीपुर गाउँपालिकाको राजनैतिक प्रशासनिक भौगोलिक विभाजन तथा रहनसहन बारेमा जानकारी

(ख) नेपालको भुगोल सम्बन्धि ज्ञान

(ग) नेपालमा प्रचलित धर्म, भाषा, संस्कृति, जातजाति र जनसंख्या सम्बन्धि ज्ञान

(घ) ट्राफिक सम्बन्धि- (ट्रफिक चिन्ह, सडक संकेत र ट्राफिक नियम)

(ङ) महत्वपुर्ण समसामयिक राष्ट्रिय घटनाहरु जस्तैः आर्थिक, सामाजिक, राजनैतिक, खेलकुद र मानवअधिकार,

(च) कम्प्युटर, मोवाइल, इमेल इन्टरनेट, सामाजिक सञ्जाल, ड्रोन रोवोट जस्ता नविनतम प्रविधिले मानव जिवनमा पारेका प्रभाव

(छ) नेपालको भुगोलः अवस्थिती, हावापानी, हिमश्रृंखला, नदीनाला, ताल तलैया र वनजंगल

(ज) विश्वको भुगोल : महादेश, महासागर

२. सामान्य बौद्धिक परीक्षण (IQ)

(क) शाब्दिक तार्किक / चार्तुयता परिक्षणमा बोध, शब्दज्ञान, अनुक्रम, समरुपता, आदि विषयवस्तु प्रश्नहरु समावेश गरनेछ ।

(ख) मात्रात्मक (संख्यात्मक वा अंक सम्बन्धी) तार्किक परीक्षणमा अनुक्रम (श्रेणीक्रम), समरुपता, वर्गीकरण, आदि विषयवस्तुबाट प्रश्नहरु समावेश गरनेछ ।

(ग) अशाब्दिक तार्किक परीक्षणमा अनुक्रम, समरुपता, एकरुपता आदि विषयवस्तुबाट प्रश्नहरु समावेश गरनेछ

३. सेवा सम्वन्धी ज्ञानः

(क) नेपालको संविधान

(ख) स्थानीय सरकार संचालन ऐन, २०७४

(ग) नेपाल प्रहरी ऐन, २०१२

(घ) प्रहरी नियमावली, २०७१

(ङ) परवानीपुर गाउँपालिकाको गाउँ प्रहरी व्यवस्थापन सम्वन्धी कार्यविधि, २०७९

(च) नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बलको सेवा सम्वन्धी ऐतिहासिक तथा वर्तमान अवस्था वारे जानकारी

(छ) चिठि पत्र दर्ता चलानी फाइलिङ्ग टिप्पणी सम्वन्धी जानकारी

(ज) कार्यालय व्यवस्थापन सम्वन्धी जानकारी

(झ) संघीय शासन पद्धति सम्वन्धी सामान्य जानकारी

तृतीय चरण

अन्तर्वार्ता ५० अङ्क

(क) विषय वस्तुको ज्ञान १५ अङ्क

(ख) व्यक्तित्व परीक्षण १५ अङ्क

(ग) अनुभवः प्रति वर्ष सेवा गरेवापत २ अङ्कका दरले बढीमा १० अङ्क

(घ) स्थानियताका लागिः परवानीपुर गाउँपालिका भित्रका नागरिक भए १० अङ्क र सो भन्दा बाहिरका भए ५ अङ्क

मुन्ना साह रौनियार
प्रमुख प्रशासकीय अधिकृत

गाउँ सभाबाट अनुमोदन मितिः-२०७९/०३/३१ गते
प्रमाणिकरण मितिः- २०७९/०४/२३ गते

२०७९/०४/२३ आज्ञाले
मुन्ना साह रौनियार
प्रमुख प्रशासकीय अधिकृत

मुन्ना साह रौनियार
प्रमुख प्रशासकीय अधिकृत